बाल सन्दर्भ सामग्री – ५

# मामा माइजु



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम बिकास केन्द्र

# मामा माइजू



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

सामग्री सङ्कलन
इन्दिरा चालिसे, रत्नमान शाक्य, जयप्रसाद लम्साल
योगराज भट्टराई, लक्ष्मीभक्त बासुकला

चित्राङ्कन कर्ता
गौतम मानन्धर

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३ पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| क्र.स. | पाठ शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | मामा माइजू | ५ |
| २. | मुलाको डुकु | १३ |
| ३. | काकी | २० |
| ४. | चतुरेको चलाखी | २७ |

# मामा माइजू



कुनै गाउँमा एउटा परिवार बस्थ्यो । त्यस परिवारमा एक जोडी लोग्ने स्वास्नी मात्र थिए । उनीहरूका छोराछोरी थिएनन् । उनीहरू खुसीसाथ समय बिताइरहेका थिए । दिनभरि खेतमा काम गर्थे । चाडपर्वमा नातेदार, इष्टमित्र तथा पाहुनाहरूकहाँ जाने र आफू पनि उनीहरूलाई बोलाएर खुवाउने गर्थे ।



वर्षेनि आउने दसैँ नजिकै थियो । दसैँमा राम्रो लगाउने, खसी, बोका, कुखुरा, हाँस आदि काटेर भोज खाने इत्यादि परम्परा नै हो । त्यही दसैँ मनाउन स्वास्नी चाहिँलाई माइतबाट एउटा भाले कुखुरो प्राप्त भएको थियो ।



दसैँमा दुवै लोग्ने स्वास्नीले देवीका मन्दिरमा पूजा गरे । कुखुरा पनि काटे । बेलुकीपख दुवै लोग्ने स्वास्नी भोज खान बसे । उनीहरूले खानाका विभिन्न परिकारहरू तयार गरेका थिए ।

भोज खाँदाखाँदै कुखुराको भालेको टाउको कसले खाने भन्ने कुरा उठ्यो । लोग्ने चाहिँले आफैँले भालेको टाउको खानुपर्ला भन्ने कुरा गरेको थियो, तर स्वास्नी चाहिँ अहँ हुँदैन, टाउको त मैले खानुपर्ने भन्न थाली । किनभने भाले त उसैको माइतबाट ल्याइएको थियो ।



लोग्ने स्वास्नीका बिचमा भालेको टाउकाको कुरालाई लिएर झगडा सुरु हुन थाल्यो। दुवै जना धेरै जिद्दीवाल थिए। कोही पनि पछि नहट्ने भयो। लोग्ने चाहिँ पनि आफैँ भालेको टाउको खान्छु भन्ने र स्वास्नी चाहिँ पनि आफैँ खान्छु भन्ने । तिनीहरूको झगडा कति बढ्दै गयो भने भोज खान तयार गरिएका विभिन्न परिकारहरू पनि भुइँमा छरिन थाले ।



चिउरा, मासु, गेडागुडी आदि सबै भुइँमा छरिए । तिनीहरूको झगडा मिलाउने कोही नभएका कारणले तिनीहरू आफैँ एउटा सम्झौतामा पुगे । त्यो सम्झौता के हो त भने दुवै जना नबोली बस्ने । जो धेरै बेर नबोली बस्न सक्छ, उसको जित हुन्छ र भालेको टाउको उसैले खाने भन्नेमा सम्झौता भएछ ।

त्यसपछि भालेको टाउकोलाई धागामा झुन्ड्याएर राखे । दुवै मौन भएर बसे । समय बित्दै गयो । कोही बोलेन । चुप लागेर भालेको टाउकोलाई टुलुटुलु हेरिरहे । साँझदेखिको झगडा सुरु भएको बेलुकी हुन लाग्यो । रात बित्यो, बिहान भइसक्यो । त्यसै बेला अचानक कसैले ढोकामा ढकढक गरेको आवाज सुनियो । दुवै जना बोल्दै नबोली त्यसै बसिरहे ।



तल आउने मान्छे कसैले खोल्न नआएकाले आफैँले ढोकाको साँचो खोजी ढोका खोलेर माथि उक्ल्यो । ऊ माथि बुइँगलमा पुग्यो । त्यो व्यक्ति उनीहरूको भान्जो रहेछ । उसले दुवै मामा माइजू मौन भएर बसिरहेको र बुइँगलभरि खाने कुरा छरिएको र अगाडि भालेको टाउको झुन्डिएको देख्यो । ऊ भान्जो भएकाले सबैभन्दा पहिले मामा चाहिँलाई करायो, तर मामा चाहिँ एक शब्द बोलेनन् । अनि माइजूलाई बोलायो । माइजूबाट पनि केही जवाफ आएन । यत्तिकैमा भान्जाको पालो मामा चाहिँलाई पाखुरा समातेर घचघच्याउँदै मामा ! मामा !! भनी बोलाउन थाल्यो तर पनि मामा केही बोलेनन् ।




अनि माइजूलाई घचघच्याउन थाल्यो । भान्जाको घचघच्चाइले माइजू झन्डै झन्डै ढल्न पुगेकी थिइन् । यत्तिकैमा माइजूले भनिन्, "ए, भान्जा किन यस्तरी बोलाउँछौ, घचघच्याउँछौ !"



त्यसपछि मामा चाहिँ सम्झौताअनुसार आफूले जितेकाले धागामा झुन्ड्याइएको भालेको टाउको खान थाले । अनि माइजूले भान्जालाई तिमीले गर्दा भालेको टाउको खान पाइएन भनी हपारिन् । भान्जाले बल्ल बुझे, कुखुराको भालेको टाउकाका लागि मामा माइजूका बिचमा झगडा परेको रहेछ ।


# मुलाको डुकु




एक दिन अक्कले भन्ने एक जना किसानसँग उसको साथी लालेको खाने कुराको विषयलाई लिएर एक किसिमको हानथाप परेछ । विषय थियो– आधा धार्नी बँदेलको मासु एक्लै खाने । दिनभरि कुटो कोदालो गर्ने खेतीवालहरूलाई आधा धार्नी मासु खान केको आइतबार ।




लालेले सोर धार्नी बँदेलको मासु बजारबाट किनेर ल्यायो । उसले त्यस मासुलाई विभिन्न थरीका मसला हालेर पकायो । पकाउँदा पकाउँदा सोर धार्नी मासु आधा धार्नी मात्र भयो । उसले अक्कलेलाई देखाएर भन्यो, “ल, यो मासु खान सक्छस् ?” अक्कलेले यसो मासुतिर हेरेर विचार गऱ्यो, “मासु आधा धार्नीजति मात्र देखिन्छ । एकदमै पाकेको छ, किन खान नसकिएला त ?” उसले मासु खाने निधो गरी मासु खान थाल्यो । आधा धार्नी मासु खान कतिबेर लाग्थ्यो । उसले एकै छिनमा सबै मासु खाई भाँडो समेत चाटेर देखाइदियो ।





अक्कलेले मासु खान त खायो तर पचाउन उसलाई गारो पऱ्यो । ऊ आफ्नो घरतिर लाग्यो । लाले पनि उसले नदेख्ने गरी उसको पछि लाग्यो । अक्कलेले त्यसलाई कसरी पचाउँछ ! लालेलाई एक किसिमको डर पनि लाग्यो । मासु पचाउन नसकी साथीलाई केही भएको खन्डमा उसलाई गाल पर्न सक्थ्यो । त्यसैले पनि उसलाई चिन्ता लागेको हुन सक्छ ।



अक्कले घर पुग्यो । रात पऱ्यो, अक्कले सुत्न खोज्यो तर निद्रा भने पटक्कै लागेन । उसलाई त बँदेलको सोर धार्नी मासुको तागतले छटपटी भएको थियो । रातको बार बज्यो तर पनि निद्रा लागेन । उसलाई उठूँ कि बसूँ भयो । परिवारका सदस्यहरूलाई उसलाई के भएछ, सुत्न पनि सुत्दैन, के खाएर आएको होला, भन्ने पऱ्यो ।



रातको बार बजेको थियो । अचानक ऊ आफ्नो खेततिर लाग्यो । खेतमा मुला लगाइएको थियो। मुला राम्रोसँग सप्रेको थियो। ऊ खेतमा एक चक्कर लगाउँदै मुलाको डुकु चुँडेर खाँदै गर्न थाल्यो। ऊ मासुले अघाएको थियो तर पनि मुलाको डुकुले उसलाई लोभ्यायो । यसरी ऊ खेतमा धेरै पल्ट चक्कर लगाउँदै मुलाको डुकु चुँडेर खान थाल्यो ।



यसरी डुकु चुँडेर खाँदा खाँदा अलि अलि गर्दै मासु पच्दै गयो । खेतमा डुकु पनि झन्डै झन्डै सखापै हुन लागेको थियो । बिहानको चार बजेसम्ममा त उसले खाएको मासु पनि पच्यो । शरीर हलुका भएको महसुस भएपछि ऊ घर फर्क्यो । अनि मस्तसँग निदायो ।




अक्कले भोलिपल्ट आफ्नो नियमित काममा लाग्यो। लालेले अक्कलेको शरीरमा कुनै किसिमको पनि हानि नभएको देख्यो । लाले छक्क पर्‍यो । मुलाको डुकुले त पाचन शक्तिलाई यस्तो बलियो पार्छ भने मुलाले झन् कति बलियो पार्ला ?

# काकी



कुनै गाउँमा एउटी बुढी थिई। ऊ एक्लै थिई। उसका आफन्त र नातेदार कोही थिएनन्। खालि टोल छिमेकी मात्र थिए तर टोल छिमेकीहरू पनि उससँग मिल्दैनथे। किनभने बुढी मुखाले थिई। सानोतिनो कुरामा पनि जोसुकैसँग झगडा गर्थी। त्यसैले कोही पनि उसको नजिक जान चाहँदैनथ्यो। सिङ्गो घरमा ऊ एक्लै बस्थी। आफैँ खाना पकाउने, लुगा धुने आदि गर्दै दिन बिताउँथी।



एक्लो मानिस भएकीले उसलाई अरू मानिस र छिमेकीहरू चाडपर्वमा खानेकुरा र लुगा कपडा दिने गर्थे ।

उसका घरमा दुई जना केटाहरू मात्र कहिलेकाहीँ आउने जाने गर्थे । ती केटाहरूको नाम मङ्गले र चन्द्रे थियो । मङ्गले र चन्द्रे त्यस बुढीलाई काकी भन्थे । उनीहरू पनि कहिलेकाहीँ त्यस बुढीको चुटाइ खाएर भाग्नुपर्थ्यो ।



जेठमा मनाइने सिठीको दिन थियो। यस चाडमा मानिसहरू देवाली गर्ने गर्थे। कुल देवताको पूजा गर्थे। चाडपर्व मनाउँदा बारा पकाउनुपर्छ। भिन्नभिन्न गेडागुडी, जस्तोः मास, मुगी आदिको बारा पकाई मन्दिरमा पूजाआजा गर्नुपर्छ। आफू र नातेदारहरू बसी बारा पकाई खाने खुवाउने गर्नुपर्छ।

चाड मनाउन काकी बुढीले पनि एक दिनअगाडि नै मास, मुगी जस्ता गेडागुडी भिजाएर सिलौटामा पिसेर बारा पकाउन तयार गरिराखेकी थिई। सिठी धूमधामसाथ मनाउन काकी बुढी बारा पकाउन थाली।



मङ्गल र चन्द्र पनि बुढीका घरनेरबाट गइरहेका थिए। उनीहरू बारा पकाएको बास्ना थाहा पाएर माथि उक्ले। तिनीहरू दुवैले काकी बुढीले बारा पकाइरहेको देखे। उनीहरूलाई पनि बारा खान मन लाग्यो। उनीहरूलाई फसाद पऱ्यो। अगाडि गएर मागौँ भने काकी बुढी दिन्न। ऊ छुच्ची छ। नमागौँ, तिनीहरूलाई बारा खान खुब मन लागेको थियो। ती दुवै जना एउटा कुनामा लुकेर बसिरहे।



त्यसै बेला बुढीलाई कसैले बोलाएको आवाज सुनियो । कसले बोलाएको हँ भन्दै बुढी तल ओर्ली । त्यही मौका छोपेर मङ्गल र चन्द्रले बारा चोरेर खाए । मिठो लागेकाले तिनीहरूले जम्मै बारा खाए ।



बारा खाइसकेर उनीहरू पहिले लुकेकै ठाउँमा लुक्न पुगे । बुढी काकीले आफूले पकाएको बारा नदेख्दा अचम्म लागेर यताउता हेरी । बुढी काकीले मङ्गले र चन्द्रेलाई कुनामा लुकेर बसेको भेट्टाई र लौराले दुवैलाई पिट्न थाली । त्यसपछि दुवै जना ज्यान जोगाउन भागे । पछि पछि बुढी काकी अघि अघि मङ्गल र चन्द्र भऱ्याङबाट तल ओर्लेका थिए ।



चन्द्र र मङ्गल त ठिटा थिए। उनीहरू छिटो छिटो ओर्ले। बुढी काकीले उनीहरूलाई भेट्टाउनै सकिन। बुढी काकी रिसाएर लौरो घुमाउँदै केटाहरूको पछि पछि दौडिँदा भऱ्याङबाट लडी। केटाहरू त भागे तर बुढी काकी भने निकै बेर सम्म उठ्नै सकिन।

# चतुरेको चलाखी



कुनै गाउँमा एउटा केटो थियो । ऊ निकै चलाख थियो । त्यसैले सबै जना उसलाई चतुरे भनेर बोलाउँथे । चतुरे सधैँ आफ्ना गाई बाख्राहरू लिएर वनमा चराउन लैजान्थ्यो ।



एक दिन चतुरे गाई बाखा चराएर घर फर्किंदै थियो । साँझ परिसकेको थियो । अचानक एउटा बाघसित उसको जम्काभेट भयो । बाघ भुइँमा मुख दलिरहेको थियो । बाघलाई देखेर चतुरेको सातो उड्यो ।



ऊ बाघलाई नदेखे जस्तो गरी बिस्तारै छलेर हिंड्न खोज्दै थियो, बाघले उसलाई बोलाइहाल्यो, “ए केटा ! मेरो मुखमा गँगटाले च्यापेको छ। यसलाई झिकिदेऊ, म तिम्रो ठुलो गुन मान्ने छु।”

चतुरेले भन्यो, “झिक्न त झिकिदिन्थेँ, तर गँगटो झिक्नासाथ तिमी मलाई खान्छौ। त्यसैले म यो काम गर्दिनँ।”



बाघलाई सारै आपत परेको थियो । त्यसले बिन्तिभाउ गऱ्यो, "हेर केटा, तिमीले मेरो मुखबाट यो गँगटो झिकिदियौ भने म तिमीलाई केही गर्दिनँ । नत्र म तिमीलाई यहाँबाटै जान दिन्न ।"

चतुरे दोधारमा पऱ्यो । बाघको मुखबाट गँगटो नझिकुँ भने जान नपाइने, झिकुँ भने बाघले खाला भन्ने डर ! उसले बाघलाई पुरा वाचा गराइसकेपछि त्यसको मुखमा बसेको गँगटोलाई लौरोले हिर्काएर भुइँमा झारिदियो ।



चतुरे हिंड्न के लागेका थिए, बाघले उसलाई भन्यो, “मलाई मदत गरेकामा तिमीलाई धन्यवाद दिन्छु । तर यदि तिमीले मेरो मुखमा गँगटोले च्यापेको र त्यसलाई तिमीले झिकिदिएको कुरा गाउँघरमा हल्ला गर्‍यौ भने तिमीलाई मार्छु नि ।”

“होइन, होइन, त्यसमा तिमीले धन्दै मान्नु पर्दैन। म कसैलाई भन्दिनँ।” आफ्ना गाई बाख्राहरू अघि लगाउँदै चतुरे त्यहाँबाट छिटो छिटो गाउँतिर लम्कियो ।



गाउँ पुगिसकेपछि उसले बाघसित गरेको कबुल सम्झनासाथ सबैलाई बताउँदै हिंड्यो ।

गाउँमा चतुरे बाघको पन्जाबाट फुत्केर आएको कुरा फैलियो । सबैले उसको बहादुरीलाई स्याबासी दिए ।



यो कुरा बाघको कानमा पनि पऱ्यो । बाघ रिसले आगो भयो । बाघले मनमनै भन्यो, "पख्लास् भोलि गोठाला आएपछि कहाँ उम्कलास् ।"

भोलिपल्ट चतुरे आफ्ना गाई बाख्रा लिएर वनतिर लाग्यो । रुखमुनि बसेर चतुरे मुरली बजाउन थाल्यो । एक्कासि हिजो भेटेको बाघलाई आफूतिर आउँदै गरेको देखेर उसको सातोपुत्लो गयो ।



हतपत चतुरे रुखमाथि चढ्यो । रुखको फेदनेर आएर बाघ गर्ज्यो, “तँलाई मैले कसैसँग पनि नभन्नु भनेको कुरा किन हल्ला गरेको ? तँलाई आज नमारी छाड्दिनँ ।”

हिजो बाघको बारेमा गाउँघरमा मफतमा कुरा गरेछु भनेर चतुरेलाई पछुतो भयो । तर अब पछुतो मानेर बस्ने समय थिएन, ज्यान जोगाउने उपाय खोज्ने बेला थियो । ऊ हतपत रुख चढेर उपाय सोच्न थाल्यो ।




चतुरेलाई ज्यान जोगाउने उपाय फुरिहाल्यो। एक्कासि आफूले लगाएको कमिजको गोजीतिर हात लैजाँदै ऊ कराउन थाल्यो, “ऐया बाबा ! ऐया, नटोक् भन्या ।”

बाघले अचम्म मान्दै सोध्यो, “ए केटा ! के छ तेरो गोजीमा त्यस्तो र तँ त्यसरी कराएको ?”



चतुरेले जवाफ दियो, "हिजो तिम्रो मुखमा बसेको गँगटोलाई गोजीभित्र हालेको थिएँ, अहिले तिम्रो बोली सुन्नासाथ तिमीलाई टोक्न भनी निस्किन खोज्दै छ । म निस्कन नदिन बल गर्छु, तर ऊ झन् मलाई नै टोक्न लागिरहेछ ।"

चतुरेको कुरा सुनेर बाघको सातो उड्यो । बाघ त्यहाँबाट कुलेलम ठोक्यो ।